बेलबारी नगरपालिका

१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्डः१ संख्याः१ सम्वत् २०७५ असार ३२ गते (अतिरिक्ताङ्क "क")

## भाग १

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

*सम्वत् २०७५ सालको ऐन नं. २*

# बेलबारी नगरपालिकाको विनियोजन ऐन, २०७५

**प्रस्तावनाः**

बेलबारी नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बेलबारी नगरसभाले यो ऐन बनाएको छ ।

*प्रमाणिकरण मितिः २०७५।०३।१०*

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "बेलबारी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन नगर सभाको अधिवेशनबाट स्वीकृत भएपछि मिति २०७५ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

(क) "नगर सभा" भन्नाले बेलबारी नगरपालिको नगर सभालाई सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले बेलबारी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ग) "वडा समिति" भन्नाले बेलबारी नगरपालिकाको वडा समितिलाई सम्झनुपर्दछ ।

(ग) "विषयगत शाखा" भन्नाले बेलबारी नगरपालिका अन्तर्गतको शाखा, उपशाखा, सेवा केन्द्र तथा अन्य प्रशासनिक ईकाई समेतलाई सम्झनुपर्दछ ।

(घ) "सञ्चित कोष" भन्नाले बेलबारी नगरपालिकाको सञ्चितकोषलाई सम्झनुपर्दछ ।

**३. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त बेलबारी नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगत शाखा, उपशाखा तथा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८०,०२,१४,०००।०० (अक्षेरुपी असी करोड दुई लाख चौध हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**४. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त बेलबारी नगर कार्यपालिका, वडा समिति र विषयगत शाखा, उपशाखा वा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ ।

# अनुसूची - १

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम**सञ्चित**

**कोषवाट विनियोजन हुने रकम**

| क.सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | राजस्व वाडफाँड बाट प्राप्त अनुदान (संघीय सरकार) | ८००८६००० | २४२७८००० | ० | १०४३६४००० |
| २ | | वितिय समानीकरण<br>(संघीय सरकार) | ८१०६८००० | ८८९३२००० | ० | १७०००००००० |
| ३ | | वित्तिय समानीकरण<br>(१ नं.प्रदेश सरकार) | ० | २३०००००० | ० | २३०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | सशर्त अनुदान (संघीय सरकार) | १६९९४८००० | २२९५२००० | ० | १९२९००००० |
| ५ | | सशर्त अनुदान (१ नं. प्रदेश सरकार) | ० | १००००००० | ० | १००००००० |
| ६ | | सशर्त अनुदान (संघीय सरकार) | १२०५००००० | ० | ० | १४४५००००० |
| ७ | | बाह्य श्रोत तथा मौज्दात | ० | २४०००००० | ० | २४०००००० |
| ८ | | आन्तरिक श्रोत | १३४००००० | ३२७५०००० | ० | ४६१५०००० |
| ९ | | ऋण अनुदान | ० | १००००००००० | ० | १००००००००० |
| १० | | लागत सहभागिता | ० | ३०००००००० | ० | ३०००००००० |
| **जम्मा** | | | **४८७९५४०००** | **३१२२६००००** | ०.०० | **८००२१४०००** |

आज्ञाले

गणेश प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत